नेपालपथ नेपाली राष्ट्रिय दैनिक २०८१ वैशाख २८ गते शुक्रवार, 10 may 2024


# दिपायल सिलगढी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## प्रस्ताव आह्वान सम्बन्धी सुचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०१/२८**

राष्ट्रपति महिला उत्थान, जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड २०७७ को दफा ७ बमोजिम यस नगरपालिकामा पनि जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकोले यस नगरपालिका क्षेत्र भित्रका विपन्न र एकल महिलाहरुको उद्यमशीलता बढाई जीविकोपार्जन सुधार गरी आर्थिक सशक्तिकरण गर्नको लागि इच्छुक गैरसरकारी संस्था/सहकारी संस्थाहरुबाट सूचना प्रकाशन गरेको मिति देखि १५ दिनको समयावधी भित्र प्रस्ताव आव्हान गरिन्छ ।

***प्रस्ताव साथ संलग्न हुनु पर्ने कागजातहरु :***

क) संस्थाको विधान, परिचय, उद्देश्य, कार्यसञ्चालन प्रकृया, भौतिक तथा वित्तिय स्रोत सम्बन्धी विवरण ।
ख) प्रस्तावित व्यवसायको अवधारणा पत्र, व्यवसायको क्षेत्र, तालिम अवधी र स्रोत परिचालन सहितको व्यवसायिक योजनाको विवरण ।
ग) प्रचलित कानुन बमोजिम दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।
घ) अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
ङ ) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन ।
च) प्रस्तावित कार्यक्रममा संस्थाको योगदानको अंश, अन्य निकायबाट प्राप्त हुने सम्भाव्य सहयोग वा साझेदारीको स्रोत सहितको यथार्थ विवरण ।
छ) कालो सुचीमा नपरेको र प्रचलित कानुन बमोजिम अयोग्य नरहेको स्व:घोषणा ।
ज) प्रस्ताव दर्ता गर्दा संस्थाले विपन्न र एकल महिलाको आर्थिक उत्थान र सशक्तिकरण हुने गरी व्यवसायीक सम्भाव्यता समेत उल्लेख गरी सोको कार्यान्वयन, कार्ययोजना सहितको प्रस्ताव पेश गर्नु पर्नेछ ।
झ) संस्थाले लक्षित महिला छनौट गर्दा एक परिवारबाट एक महिला मात्र पर्ने गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।
ञ) जीविकोपार्जन सुधार कार्यक्रमका लागि व्यवसायको क्षेत्र कृषि तथा पशुपालन, पर्यटन र गैरकृषि क्षेत्रमा केन्द्रित भइ स्थानीय विपन्न महिलालाई सीप विकास तालिम पश्चात व्यवसाय स्थापना तथा सञ्चालन गर्नको लागि नगदै बिउपुंजी (seed money) उपलब्ध गराउनु पर्नेछ ।
ट) यस सुचनाको मान्य अवधी प्रकाशन भएको मितिले १५ दिन रहनेछ र अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट कार्यालय समय भित्र प्रस्तावना पेश गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत